नेपाल सरकार

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

जिल्ला विकास समितिको कार्यालय, भक्तपुर

# सार्वजनिक सुनुवाई कार्यक्रमका लागि स्थलगत सर्भेक्षणको प्रतिवेदन

*सार्वजनिक सुनुवाईको मिति: २०७२ कार्तिक २३ गते सोमवार*

*(तद्अनुसार ९ नोभेम्वर, २०१५)*

**<u>प्रस्तुत गर्ने</u>**

सुनिल कोइराला

अधिकारका लागि पहुँच नेपाल

सम्पर्क: ०१-४४१२२४०, ९८४१५८४७६४

**नमस्कार ।**

आजको यस सार्वजनिक सुनुवाई कार्यक्रमको अध्यक्ष एवं श्रीमान् स्थानीय विकास अधिकारी पशुपति वावु पुरीज्यू, कार्यक्रमका प्रमुख अतिथि श्रीमान् ……………………………………………ज्यू, विभिन्न राजनितिक दलहरुवाट प्रतिनिधित्व गरि उपस्थित प्रमुख एवं प्रतिनिधिज्यूहरु साथै कार्यक्रममा उपस्थित विभिन्न विषयगत कार्यालहरु, नगरपालिकाहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, जिविस परिवार, सामाजिक परिचाकहरु, संचारकर्मी/पत्रकार, जिल्ला वासिहरु महिला तथा सञ्जनवृन्द । सवैभन्दा पहिला त, आजको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदक म सुनिल कोइरालाको तर्फवाट उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक नमस्कार टक्रयादछु ।

राज्यले हरेक सेवा प्रदायकसंस्थारुलाई चुस्त दुरुस्त र पारदर्शी वनाउदै जाने अख्तियारी अवलम्वन गरेको छ । सोहि अनुसार जिल्ला विकास समितिले प्रत्येक वर्ष वर्षमा ३ पटक सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने हुन्छ । यस्तो सार्वजनिक सुनुवाईलाई व्यवस्थित वनाउनका लागि सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरेको छ । यसमा संचालनका लागि प्रश्नावलीहरु तथा संचालन प्रक्रिया र प्रतिवेदनका विषयहरु समेत प्रष्ट पारिएको छ । सोहि कार्यविधिलाई टेकेर र विगतका सार्वजनिक सुनुवाईहरुवाट प्राप्त भएका सुझावहरुलाई मनन गर्दै हामिले जिल्ला विकास समितिका अलावा जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला कृषि कार्यालय, जिल्ला शिक्षा कार्यालय र जिल्ला पशु सेवा कार्यालय गरी ५ वटा कार्यालय हाताभित्रनै रहेर तत्काल सेवा लिन आएका सेवाग्राहिहरुसंग वहिर्गमन सर्भेक्षण गरेका छौ । जसको नतिजा पनि आज हामिसंग रहेको छ ।

सोहि अनुसार सर्भेक्षण गरिएका ति कार्यालयका अलावा पनि प्रदायक अन्य वन, नापि, मालपोत, विद्युत्, सुरक्षा, हुलाक लगायतका कार्यालयहरुपनि आज सार्वजनिक सुनुवाइमा जवाफदेहिका रुपमा रहेका छन् । त्यसैले, आज तपाइहरु ति कार्यालयहवाट प्रवाह भइरहेका सेवा र सन्तुष्टिका वारेमा पनि छलफल गर्न सक्नुहुनेछ ।

**सार्वजनिक सुनुवाई कार्यविधि २०६७** को अनुसुचि २ को प्रश्नावली भाग १ मा रहेको नागरिकहरुको सन्तुष्टि तथा असन्तुष्टि जनाउने **नागरिक प्रतिवेदन (Citizen Report Card)** मा रहेको विविध ६ वटा शिर्षका प्रश्नहरुलाई जिल्लाको ताथली, सुर्यविनायक, काकावारी, अनन्तलिङगेश्वर न.पा १२, १३ र १४, चागुनारायण न.पा. १, २, ३, १३, १४ र १६ एवं महामन्जुश्री न.पा. १ र २ लगायतका स्थानहरुमा पुगि (१) सेवाको सन्तुष्टि, (२) सेवाको नियमितता, (३) सेवाप्रतिको जनविश्वास, (४) सेवाको गुणस्तर, (५) सेवा सम्वन्धी जानकारी र (६) नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धमा राखिएका कुल २१ वटा प्रश्नहरु तथा प्रश्नावली भाग २ मा रहेको नागरिक प्रतिवेदन पत्र शिर्षकमा रहेका (१) सिफारिस सम्वन्धी, (२) पुर्वाधार तथा सरसफाई सम्वन्धी, (३) जिविसका विविध पक्षहरुका वारेमा नागरिकको अनुभव र (४) पारदर्शीता सम्वन्धी जस्ता विषयहरुमा आधारित भई ७० जना जिल्लावासिसंग नमुना सर्भेक्षण गरेका छौ । यसैगरि, जिल्ला विकास समिति, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला कृषि कार्यालय, जिल्ला शिक्षा कार्यालय र जिल्ला पशु सेवा कार्यालयवाट सेवा प्राप्त

गरेका ५० जना व्यक्तित्वहरुसंग **वर्हिगमन सर्भेक्षण (Exit Pool Survey)** गरेका छौ । जस अर्न्तगत प्राप्त नतिजा निम्नानुसार रहेको छः

**अनुसुचि २:**

प्रश्नावली भाग १: नागरिक प्रतिवेदन (Citizen Report Card)

(**सन्तुष्टि वा असन्तुष्टि जनाउने**)

---

यस भागमा समावेश गरिएका सुचकहरु मार्फत विभिन्न कार्यालयहरु र जिल्लावासि विचको सम्वन्ध एवं सन्तुष्ट वा असन्तुष्ट कति छन् भनि अध्ययन गरिएको थियो । यसका लागि ६ वटा सुचकहरु समावेश गरिएका छन् ।

**सुचक १: सेवाको सन्तुष्टिः** का वारेमा १६ प्रतिशतले सन्तुष्ट, ७८ प्रतिशतले ठीकै र ६ प्रतिशतले असन्तुष्ट व्यक्त गरेका छन् ।

**सुचक २: सेवाको नियमिताः** का वारेमा ५५ प्रतिशतले सकारात्मक धारणा व्यक्त गरेका छन् । ३५ प्रतिशतले मध्यम अवस्थाको प्रतिक्रिया दिएका छन् भने ११ प्रतिशतले पुर्ण असन्तुष्टि जनाएका छन् ।

**सुचक ३: सेवाप्रतिको जनविश्वासः** का वारेमा २४ प्रतिशत सहभागिहरुले आफु विश्वस्त रहेको वताए । ६७ प्रतिशतले ठिकै रहेको र अन्य ८ प्रतिशत उत्तरदाताहरुले आफुहरु विश्वस्त नरहेको वताए ।

**सुचक ४: सेवाको गुणस्तरः** को वारेमा ७४ प्रतिशतले गुणस्तका वारेमा सन्तुष्ट जनाएका छन् । यस्तै, १७ प्रतिशतले कम सन्तुष्ट र ९ प्रतिशतले असन्तुष्टी जनाएका छन् ।

**सुचक ५: सेवा सम्वन्धी जानकारीः** को वारेमा ५१ प्रतिशतले अति राम्रो भनि प्रतिक्रिया जनाएका छन् । ३१ प्रतिशतले सन्तोषजनक प्रतिक्रिया दिएका छन् भने ९ प्रतिशतले असन्तुष्टि प्रदान गरेका छन् ।

र,

**सुचक ६: नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धमाः** का वारेमा ५ प्रतिशतले मात्रै नागरिक वडापत्र/उजुरी पेटिकाका वारेमा धेरैनै प्रयोग गरेको वताएका छन् । ८० प्रतिशतले कहिलेकाहि प्रयोग गरेको वताए र १५ प्रतिशतले प्रयोगनै नगरेको वताएका छन् ।

## सर्भेक्षणको अनुसुचि:

| प्रश्नावली भाग १: नागरिक प्रतिवेदन (Citizen Report Card)<br>(सन्तुष्टि वा असन्तुष्टि जनाउने) |
|---|

**Question 1**

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १.१ | ८ | ५० | ३ | ६१ | १३ | ८२ | ५ | १०० |
| १.२ | १२ | ४६ | ४ | ६२ | १९ | ७४ | ६ | १०० |
| **कुल** | **२०** | **९६** | **७** | **१२३** | **१६** | **७८** | **६** | **१००** |
| २.१ | २२ | ३६ | ६ | ६४ | ३४ | ५६ | ९ | १०० |
| २.२ | ३२ | २७ | ३ | ६२ | ५२ | ४४ | ५ | १०० |
| २.३ | ४९ | ७ | ४ | ६० | ८२ | १२ | ७ | १०० |
| २.४ | ३२ | १५ | १३ | ६० | ५३ | २५ | २२ | १०० |
| **कुल** | **१३५** | **८५** | **२६** | **२४६** | **५५** | **३५** | **११** | **१००** |
| ३.१ | २० | ३३ | १ | ५४ | ३७ | ६१ | २ | १०० |
| ३.२ | ९ | ४१ | ७ | ५७ | १६ | ७२ | १२ | १०० |
| ३.३ | ३ | १५ | ३ | २१ | १४ | ७१ | १४ | १०० |
| **कुल** | **३२** | **८९** | **११** | **१३२** | **२४** | **६७** | **८** | **१००** |
| ४.१ | ४६ | १३ | ४ | ६३ | ७३ | २१ | ६ | १०० |
| ४.२ | ५१ | ७ | ० | ५८ | ८८ | १२ | ० | १०० |
| ४.३ | ३९ | १२ | १२ | ६३ | ६२ | १९ | १९ | १०० |
| **कुल** | **१३६** | **३२** | **१६** | **१८४** | **७४** | **१७** | **९** | **१००** |
| ५.१ | ४६ | १३ | ४ | ६३ | ७३ | २१ | ६ | १०० |
| ५.२ | ५१ | ७ | ० | ५८ | ८८ | १२ | ० | १०० |
| ५.३ | ३९ | १२ | १२ | ६३ | ६२ | १९ | १९ | १०० |
| ५.४ | ६ | ५५ | १ | ६२ | १० | ८९ | २ | १०० |
| ५.५ | ४० | ९ | १२ | ६१ | ६६ | १५ | २० | १०० |
| **कुल** | **१८२** | **९६** | **२९** | **३०७** | **५९** | **३१** | **९** | **१००** |
| ६.१ | ३ | ५१ | ८ | ६२ | ५ | ८२ | १३ | १०० |
| ६.२ | ५ | ५४ | ५ | ६४ | ८ | ८४ | ८ | १०० |
| ६.३ | १ | ४३ | १४ | ५८ | २ | ७४ | २४ | १०० |
| **कुल** | **९** | **१४८** | **२७** | **१८४** | **५** | **८०** | **१५** | **१००** |

## अनुसुचि २ः

## प्रश्नावली भाग २ः नागरिक प्रतिवेदन पत्र (Citizen Report Card)

जिल्ला विकास समिति/नगरपालिका तथा अन्य कार्यालयहरुवाट प्रदान गरिएका विभिन्न सेवा सुविधाका विषयमा यस चरणमा सर्भेक्षण गरिएको छ । यसमा ४ वटा सुचक समावेश गरिएको थियो । (१) सिफारिस सम्वन्धी, (२) पूर्वाधार तथा सरसफाई सम्वन्धी, (३) कार्यालयको विविध पक्षहरु र (४) पारदर्शिता सम्वन्धी विवरणलाई लिएर सर्भेक्षण गरिएको थियो ।

**सुचक १ः सिफासि सम्वन्धीः** का विषयमा ६१ प्रतिशतले सन्तुष्टि जनाएका छन् । १४ प्रतिशतले मध्यम प्रतिक्रिया दिएका छन् र २५ प्रतिशतले असन्तुष्टि जनाएका छन् ।

**सुचक २ः पुर्वाधार तथा सरसफाई सम्वन्धीः** का विषयमा ३१ प्रतिशतलाई सन्तोष प्रदान गरेको देखिएको छ । ६१ प्रतिशतले ठिकै महसुस गरेका छन् भने वाँकी रहेका ८ प्रतिशतले असन्तुष्टी जनाएका छन् ।

**सुचक ३ः कार्यलयका विविध पक्षहरुमा नागरिकको अनुभव कस्तो छ** भनि सोधिएको यो सुचकमा ३८ प्रतिशतले सन्तुष्ट रहेको उत्तर दिएका छन् । ४७ प्रतिशतले ठिकै/सन्तोषजनक भनेका छन् भने १४ प्रतिशतले कार्यालयका विभिन्न पक्षहरुका वारेमा असन्तुष्टि व्यक्त गरेका छन् ।

**सुचक ४ः पारदर्शीता सम्वन्धिः** नागरिक प्रतिवेदन पत्रको अन्तिम सुचकका रुपमा पारदर्शीताको विषयलाई समावेश गरिएको छ । यसमा १२ प्रतिशतले सन्तुष्टि व्यक्त गरेका छन् । ४६ प्रतिशतले आफुपनि केहि कृयाकलापहरुमा सहभागि हुने गरेको भन्दै पारदर्शिताको विषयमा जिल्लाले ठिकै खालको क्रियाकलाप संचालन गरेको भनि सन्तोषजनक प्रतिकृया व्यक्त गरेका छन् । वाँकी रहेका ४२ प्रतिशतले भने पारदर्शिताको विषयमा जिल्लाले त्यस्तो नियमित क्रियाकलापहरु खासै नगरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

## सर्भेक्षणको अनुसुचिः

**प्रश्नावली भाग २ः नागरिक प्रतिवेदन पत्र (Citizen Report Card)**

Question no

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १.१ | ४८ | १५ | ५ | ६८ | ७१ | २२ | ७ | १०० |
| १.२ | ७ | ९ | ५७ | ७३ | १० | १२ | ७८ | १०० |
| १.३ | ५७ | ९ | १ | ६७ | ८५ | १३ | १ | १०० |
| १.४ | ५३ | ४ | ४ | ६१ | ८७ | ७ | ७ | १०० |
| **कुल** | **१६५** | **३७** | **६७** | **२६९** | **६१** | **१४** | **२५** | **१००** |
| २.१ | ८ | ५२ | २ | ६२ | १३ | ८४ | ३ | १०० |
| २.२ | ३९ | २८ | २ | ६९ | ५७ | ४१ | ३ | १०० |
| २.३ | ९ | ५१ | ५ | ६५ | १४ | ७८ | ८ | १०० |
| २.४ | ६ | ५३ | ९ | ६८ | ९ | ७८ | १३ | १०० |
| २.५ | ९ | ४६ | ८ | ६३ | १४ | ७३ | १३ | १०० |
| २.६ | १२ | ४८ | ८ | ६८ | १८ | ७१ | १२ | १०० |
| २.७ | ५२ | ८ | ६ | ६६ | ७९ | १२ | ९ | १०० |
| २.८ | ४० | २५ | ४ | ६९ | ५८ | ३६ | ६ | १०० |
| २.९ | १० | ५२ | २ | ६४ | १६ | ८१ | ३ | १०० |
| **कुल** | **१८५** | **३६३** | **४६** | **५९४** | **३१** | **६१** | **८** | **१००** |
| ३.१ | ४४ | १७ | २ | ६३ | ७० | २७ | ३ | १०० |
| ३.२ | ५ | ४७ | ९ | ६१ | ८ | ७७ | १५ | १०० |
| ३.३ | ४० | १६ | ४ | ६० | ६७ | २७ | ७ | १०० |
| ३.४ | २३ | १५ | २७ | ६५ | ३५ | २३ | ४२ | १०० |
| ३.५ | २२ | ३२ | ५ | ५९ | ३७ | ५४ | ८ | १०० |
| ३.६ | ८ | ४७ | ६ | ६१ | १३ | ७७ | १० | १०० |
| **कुल** | **१४२** | **१७४** | **५३** | **३६९** | **३८** | **४७** | **१४** | **१००** |
| ४.१ | २२ | १५ | २४ | ६१ | ३६ | २५ | ३९ | १०० |
| ४.२ | ५ | ४१ | १५ | ६१ | ८ | ६७ | २५ | १०० |
| ४.३ | ६ | १० | ४६ | ६२ | १० | १६ | ७४ | १०० |
| ४.४ | ० | ४५ | १७ | ६२ | ० | ७३ | २७ | १०० |
| ४.५ | ११ | ८ | ४३ | ६२ | १८ | १३ | ६९ | १०० |
| ४.६ | १ | ५२ | १२ | ६५ | २ | ८० | १८ | १०० |
| **कुल** | **४५** | **१७१** | **१५७** | **३७३** | **१२** | **४६** | **४२** | **१००** |

## अनुसुचि ३:

## वर्हिगमन अभिन (Exit Pool) सर्भेक्षण

यस चरणमा जिल्ला विकास समिति, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला कृषि कार्यालय, जिल्ला शिक्षा कार्यालय र जिल्ला पशु सेवा कार्यालयवाट सेवा लिएर फर्किएका ५० जना सेवाग्राहिहरुसंग अभिमत संकलन गरेका थियौ । सेवा लिन आएका सहभागिहरु मध्येमा कस्तो प्रकारको सेवा लिन आउनुभएको भनि (१) सिफारिस लिन/दिन, (२) दर्ता/नविकरण, (३) आर्थिक सहयोग लिन, (४) योजना माग गर्न, (५) योजनाको किस्ता लिन, (६) योजनाको मुल्याङकन गराउन, (७) योजनाको भुक्तानी लिन, (८) कार्यालयले राखेका सुचना प्राप्त गर्न र (९) सुचनामुलक सामग्री प्राप्त गर्न मध्येमा कुन कार्यका लागि कार्यालयसम्म आउनुभएको भनि सोधिएको थियो ।

यस्ता विषयहरुमा सहभागिको धारणा संकलनका लागि ६ वटा प्रश्न गरिएका थिए ।

प्रश्न (१) सेवा लिदा को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?

प्रश्न (२) सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति वुझ्ने जस्तो लाग्यो ?

प्रश्न (३) तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

प्रश्न (४) सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) वारे तपाइलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे ?

प्रश्न (५) तपाईले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ?

र,

प्रश्न (६) सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो थियो ? भनि सोधिएको थियो ।

| कार्यालय | नतिजाको प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|
| | सन्तुष्ट | ठिकै | असन्तुष्ट | |
| जिल्ला विकास समितिको कार्यालय | १० | ८७ | ३ | |
| जिल्ला पशु सेवा कार्यालय | २२ | ७५ | ३ | |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ० | १०० | ० | |
| जिल्ला कृषि कार्यालय | ० | १०० | ० | |
| जिल्ला शिक्षा कार्यालय | ४२ | ५८ | ० | |

## अनुसुचि ३:
## वर्हिगमन अभिन (Exit Pool) सर्भेक्षण

जिल्ला विकास समितिको कार्यालय

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| Question no | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १ | २ | ८ | ० | १० | २० | ८० | ० | १०० |
| २ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ३ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ४ | २ | ८ | ० | १० | २० | ८० | ० | १०० |
| ५ | १ | ९ | ० | १० | १० | ९० | ० | १०० |
| ६ | १ | ७ | २ | १० | १० | ७० | २० | १०० |
| **कुल** | ६ | ५२ | २ | ६० | १० | ८७ | ३ | १०० |

जिल्ला पशु सेवा कार्यालय

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| Question no | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १ | ३ | ६ | १ | १० | ३० | ६० | १० | १०० |
| २ | २ | ८ | ० | १० | २० | ८० | ० | १०० |
| ३ | ३ | ७ | ० | १० | ३० | ७० | ० | १०० |
| ४ | ३ | ७ | ० | १० | ३० | ७० | ० | १०० |
| ५ | १ | ८ | १ | १० | १० | ८० | १० | १०० |
| ६ | १ | ९ | ० | १० | १० | ९० | ० | १०० |
| **कुल** | १३ | ४५ | २ | ६० | २२ | ७५ | ३ | १०० |

जिल्ला जनस्वास्थ्य कार्यालय

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| Question no | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| २ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ३ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ४ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ५ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ६ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| **कुल** | ० | ६० | ० | ६० | ० | १०० | ० | १०० |

जिल्ला कृषि कार्यालय

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| Question no | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| २ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ३ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ४ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ५ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| ६ | ० | १० | ० | १० | ० | १०० | ० | १०० |
| **कुल** | ० | ६० | ० | ६० | ० | १०० | ० | १०० |

जिल्ला शिक्षा कार्यालय

| | सर्भेक्षणमा सहभागि संख्या | | | | नतिजा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| Question no | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल | सन्तुष्ट | ठीकै | असन्तुष्ट | कुल प्रतिशत |
| १ | ५ | ५ | ० | १० | ५० | ५० | ० | १०० |
| २ | ५ | ५ | ० | १० | ५० | ५० | ० | १०० |
| ३ | ५ | ५ | ० | १० | ५० | ५० | ० | १०० |
| ४ | ४ | ६ | ० | १० | ४० | ६० | ० | १०० |
| ५ | ३ | ७ | ० | १० | ३० | ७० | ० | १०० |
| ६ | ३ | ७ | ० | १० | ३० | ७० | ० | १०० |
| **कुल** | २५ | ३५ | ० | ६० | ४२ | ५८ | ० | १०० |

उपस्थित महानुभावहरु, म अब माथि उल्लेख गरिएका ५ वटा कार्यालयहरुलाई सेवाग्राहिले व्यक्त गरेका सुझाहरु पेश गर्न चाहन्छु:

| | |
|---|---|
| जिल्ला विकास समितिको कार्यालय | • योजनाको सहि सदुपयोग हुन परयो साथै पहुँचका आधारमा नभई आवश्यकताका आधारमा हुन परयो ।<br>• दलिय भागवण्डावाट टाढाहुन परयो ।<br>• नागरिक वडा पत्र नियमित अद्यावधिक गर्ने र सोहि अनुसार काम हुन परयो ।<br>• समयमानै कर्मचारी कार्यालय आइपुग्ने र कार्यालय समयसम्म अफिसमा भेटिन परयो ।<br>• वडा कार्यालयहरु मार्फत पनि कार्यक्रमहरु सार्वजनिक गर्नुपरयो ।<br>• कर्मचारीले आलटाल नगरी चुस्त ढंगवाट जनतालाई दुख नदिइकन काम गरिदिनुपरयो । |
| जिल्ला पशु सेवा कार्यालय | • वर्षा याममा पशुहरुमा फैलने रोगहरुको पहिचान गरि समायमानै निराकरण गर्नुपरयो ।<br>• सेवा विस्तार गर्नु परयो ।<br>• रोग विरुद्धको भ्याक्सिनेसनको व्यवस्था मिलाउन परयो । |

| | |
|---|---|
| जिल्ला जनस्वास्थ्य कार्यालय | • कर्मचारीहरु समयमानै कार्यालय उपस्थित हुने र कार्यालय समयसम्म अनिवार्य रुपमा कार्यलयमा रहने व्यवस्था मिलाउनु परयो ।<br>• नियमित रुपमा स्वास्थ्य चौकीहरुको अनुगमन गर्ने र सवै स्थानवाट सहज सेवा प्रदान गर्ने वातावरण मिलाउनु परयो ।<br>• मिति गुज्रिएका औषधिहरु वितरण नगरी यसलाई डिस्पोज गर्ने व्यवस्था मिलाउनु परयो । |
| जिल्ला कृषि कार्यालय | • विउ विजन वितरण पारदर्शि हुनुपरयो ।<br>• ग्रामिण क्षेत्रमा तालिमको संख्या वढाउन परयो ।<br>• सरकारले दिएको विउ मल सवै तिर पाउने वातावरण मिलाउनु परयो ।<br>• वेला वेलामा कार्यालय २:३० मा पुग्दा पनि वन्द भइसक्छ त्यसैले कार्यालय समय पुरै खुलाउनुपरयो । |
| जिल्ला शिक्षा कार्यालय | • नियमित विद्यालयहरुको अनुगमन गर्ने, विद्यालय नआउने शिक्षकलाई कारवाही गर्ने र खेताला शिक्षक पूर्ण रुपमा निस्तेज पार्ने ।<br>• सामुदायिक विद्यालयहरुको प्रगति तर्फ जोड दिने ।<br>• विद्यार्थी नभएका विद्यालयहरु वन्द गरी त्यहाका शिक्षकहरुलाई अन्यत्र सार्नुपर्ने ।<br>• शिक्षणका लागि नयाँ प्रविधिको प्रयोग गर्नुपर्ने ।<br>• विद्यालय र शिक्षकहरुका लागि सुचना सम्प्रेषण शिघ्र र प्रभावकारी हुनुपर्ने । |

**अव म, चालु आ.व. २०७२/०७३ को जिल्लाको केहि प्रमुख आयोजनाहरुको वारेमा जानकारी गराउन चाहन्छु :**

**यस जिल्लाको २७ औं जिल्ला परिषद्बाट चालू आ.व. ०७२।७३ का लागि निम्न बमोजिमका कार्यक्रमहरु स्वीकृत भएका छन् :**

***१. आन्तरिक कोष तर्फ :***

| कार्यक्रम शीर्षक | बजेट (रु. ०००) | कार्यक्रम संख्या |
|---|---|---|
| (क) आर्थिक विकास तर्फ | १००० | ४ |
| (ख) सामाजिक विकास तर्फ (लक्षित वर्ग) : | | |
| • महिला | ४३५० | २१ |
| • बालबालिका | ४३५० | ५ |
| • दलित, जनजाति, अपांग, जेष्ठनागरिक, पिछडिएकावर्ग | ६५०० | ६३ |
| (ग) संस्थागत विकास, श्रोत परिचालन | ४६०० | २९ |
| (घ) वन वातावरण तथा सरसफाई | १३०० | ६ |
| (ङ) भौतिक पूर्वाधार निर्माण तथा विकास | १०४०० | १० |
| (च) विविध कार्यक्रम | ४१९२० | ९ |
| (छ) समपूरक कोषहरु | ३००० | ६ |

*२ अनुदान तर्फ*

| कार्यक्रम शीर्षक | बजेट (रु. ०००) | कार्यक्रम संख्या |
|---|---|---|
| **२.१ जिविस अनुदान** | | |
| (क) आर्थिक विकास | ५०० | ४ |
| (ख) सामाजिक विकास तर्फ (लक्षित वर्ग):<br>• महिला<br>• बालबालिका<br>• दलित, जनजाति, अपांग, जेष्ठनागरिक, पिछडिएकावर्ग | <br>१३५०<br>१३५०<br>२०५० | <br>१४<br>३<br>२२ |
| (ग) संस्थागत विकास, श्रोत परिचालन र सुशासन | ४०० | १ |
| (घ)वन, वातावरण संरक्षण र सरसफाई | ६०० | ५ |
| (ङ) भौतिक पूर्वाधार निर्माण तथा विकास | ६३०० | १२ |
| (च) विविध कार्यक्रम | १३४६५ | ३ |
| (छ) समपूरक कोषहरु | ४०० | १ |
| **२.२ स्थानीय यातायात तथा पूर्वाधार क्षेत्रगत कार्यक्रम (कृषि सडक)** | ५८०० | १२ |
| **२.३ भ्कोलुङ्गेपुल क्षेत्र विकास कार्यक्रम** | २२८ | ३ |
| **२.४ स्थानीयस्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम** | ४६१० | ३ |
| **२.५ ग्रामीण पुनःनिर्माण तथा पुनःस्थापना आयोजना** | ३७५०० | १ |
| **२.६ साना सिंचाई, नदि नियन्त्रण तथा अन्य पूर्वाधार विकास** | ३००० | ७ |
| **२.७ आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडकहरु** | ५०५४ | ७ |

यि योजनाहरुका साथमा, सार्वजनिक सुनुवाईलाई भव्य, सभ्य र मर्यादित वनाउनका लागि यसका केहि आंचार संहिता रहेको जानकारी गराउदछु । त्यसैले, आजको सुनुवाईमा यहाहरु सवैवाट त्यस्तो आंचार संहिताको मर्यादित पालना गरि सिस्टसंग संचालनमा सहजीकरण, समन्वय र सहयोग गरिदिनुहुन अनुरोध सहित, तपाईका अधिकतम जिज्ञासा र समाधानहरु आजको सुनुवाईमा उजागर होस् भन्ने मेरो आग्रह र शुभकामना रहेको छ ।

आजको आचार संहिताहरुः

# सार्वजनिक सुनुवाई कार्यक्रम

## आचार संहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञसा राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले वुदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफुभन्दा पहिलेका सहभागीले बोलेका कुराहरु दोहोरयाउन जरुरी हुनेछैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषको प्रयोग गर्न पाइनेछैन ।

८. सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनावाट भनाई राख्न वा वोल्न पाइनेछैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैवाट भएको पाइएमा सवै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नुसवैको कर्तव्य हुनेछ ।

१०. सुनुवाई विषयान्तर हुनवाट रोक्न सवै सहभागी सचेत हुनुपर्नेछ ।

प्रस्तुत आचारसंहिताको पुर्ण पालनाको प्रतिवद्धताका लागि एक पटक जोडदार तालि वजाएर सहमति जनाईदिनुहुन म आजका सहभागि सवैलाई हार्दिक आग्रह गर्दछु ।

.................................... तालि ...............................

धन्यवाद ।

अन्तमा नजिकीदै गरेको दिपावलीका अवसमा म यहाहरु सवैलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । अव, प्रतिवेदनलाई यही स्थगन गर्दै छलफल/वहसमा प्रवेश गर्न चाहन्छुः

*सुनिल कोइराला (संचारकर्मी)*
*अधिकारका लागि पहुँच नेपाल*
*सम्पर्कः ९८४१५८४७६४/*
***rannepalktm@gmail.com***